# नेशनल बैंकिङ्ग ईन्ष्टिच्युट लिमिटेडको छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७१/९/१ गते बसेको ५७ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनीको नियमावलीको नियम १८ (३) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रेषित/प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय** :-

मिति : २०७१ साल ०९ महिना २९ गते मंगलवार (13th January, 2015)

स्थान : कुमारी हल, होटल अन्नपूर्ण, (Hotel Annapurna), दरवारमार्ग, काठमाडौ ।

समय : बिहान ११ : ३० बजे

**१.छलफल गर्ने बिषयहरु** :-

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७०/७१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूची लगायत वार्षिक आर्थिक विवरण समेत छलफल गरी पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम बैंकको चुक्ता पुँजीमा आ.व.२०७०/७१ को कारोवारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.३,२७,००,०००।– को १५% दरले हुने जम्मा रु.४९,०५,०००।– नगद लाभाशं वितरण गर्ने ।

(४) आ.व.२०७१/७२ को लेखापरीक्षण कार्यका लागि लेखा समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हाल वहालवाला लेखापरीक्षक श्री J.B. Rajbhandary and DiBins कानुन वमोजिम पुनःनियुक्त हुन योग्य हुनु हुन्न) ।

(५) वर्तमान सञ्चालक समितिको पदावधि समाप्त हुने भएको हुँदा नयाँ सञ्चालक समितिको गठनको लागि यस संस्थाको नियमावली अनुसार सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव** :

(१) संचालक समितिको कार्यकाल ३ वर्षबाट बढाएर ४ वर्ष गर्ने र त्यही अनुसार कम्पनीको नियमावली संशोधन गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने बिशेष साधारण सभाको सूचना यस कम्पनीको वेबसाइट www.nbi.com.np मा पनि हेर्न सकिनेछ ।

(२) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र पेश गर्न अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

(३) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन ११:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ ।

(४) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**नेशनल बैंकिङ्ग ईन्ष्टिच्युट लिमिटेड**
**छैठौं तल्ला, सेन्ट्रल प्लाजा, नारायणचौर,**
**नक्साल, काठमाडौ, नेपाल ।**
www.nbi.com.np